"शिक्षा स्वास्थ्य र पुर्वाधार सम्मुनत पुतलीबजारको आधार"

# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## स्याङ्जा

गण्डकी प्रदेश ,नेपाल

प.स : २०७९/०८० कृषि, शाखा
च.नं : १३०४

मिति:२०७९/८/२५

**किसान सूचीकरण सहजकर्ता छनौटको लागि आवेदन दिने बारेमा सूचना।**

प्रस्तुत विषयमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ को दफा (१४) को उपदफा (१) बमोजिम किसानको पहिचान गरि सरकारी तवरबाट किसानहरुका लागि उपलब्ध गराइने सेवा र सुबिधा प्रतिको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्ने तिनै तहको साझेदारीमा किसानको आवश्यक विवरणहरु विधुतीय प्रणाली मार्फत संकलन गरि किसान सूचीकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ। साथै उक्त किसान सूचीकरण कार्यक्रम कार्यन्वयन गर्नका लागि जारी गरिएको **"किसान सूचीकरण कार्यक्रम कार्यन्वयन कार्यविधि २०७७"** बमोजिम यस नगरपालिकाका ४,१०,११ वडाहरुमा तथ्यांक संकलनको लागि सहजकर्ता छनौट गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरुले आवश्यक विवरण सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (२०७९/९/१०) नगरपालिकामा आवेदन दर्ता गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. सहजकर्ताको आवश्यकता न्युनतम योग्यता;
   - न्यूनतम १२ कक्षा पास भएको हुनु पर्ने
   - इन्टरनेट चलाउन सक्ने (एन्ड्रोईड फोन वा ल्यापटप भएको)

२. निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजात;
   - निवेदन
   - नेपाली नागरिकताको प्रतिलिपि
   - शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
   - सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

३. आवश्यक सहजकर्ता संख्या

   प्रत्येक उल्लेखित वडाको लागि २ जनाको दरले कुल ६ जना।

४. छनौट विधि:

   संक्षीप्त सूची प्रकाशन र अन्तरवार्ता

नोट: सम्बन्धित वडाका आवेदकहरु लाई विशेष प्राथमिकता दिइनेछ।

..............................

गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत